मेरिङदेन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
सान्थाक्रा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७ मितिः २०७६/११/०७
च.नं. ६९२

**बिषयः सिलबन्दी सवारी साधनको प्राबिधिक प्रस्ताब पेश गर्ने बारे सुचना ।**

प्रथम पटक सुचना प्रकाशित मितिः २०७६/११/०७

यस कार्यालयको चालु आ.ब. २०७६/०७७ को लागि सवारी साधन Motor Bike आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन ) को दफा ८ (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संसोधनको नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारिक अधिकृत बिक्रेता द्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) बिधिबाट गरिने खरिदको कार्यविधि बाट खरिद गर्नु पर्ने भएकोले सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ३१ (ख) १ अनुसार निम्न शर्तहरुको अधिनमा रहि प्राविधिक प्रस्ताव दर्ता गर्न यो सुचना प्रकाशित गरिएको छ । यो सुचना को विस्तृत विवरण कार्यालयको www.meringdenmun.gov.np मा राखिएको छ ।

तपशिलः

१. ईच्छुक इजाजत-पत्र प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाण पत्र, भ्याट /पैंन दर्ता प्रमाण पत्र, कम्पनीको आधिकारिक पत्र ,आ.ब. २०७५/०७६ को कर चुक्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू समाबेश गरि प्राविधिक प्रस्ताव यस कार्यालयमा दर्ता गर्न सकिने छ ।
२. यो सुचना उज्यालो पोष्ट राष्ट्रिय दैनिक पत्रिकाको मितिः २०७६/११/०७ गते प्रकाशित भएको मितिले सातौ दिनको १२ बजे सम्म भित्र सवारी साधन बिक्री गर्न चाहने उत्पादक कम्पनी वा त्यसको अधिकृत/आधिकारिक बिक्रेताले उत्पादनको आधिकारिक स्पेसिफिकेशन, गुणस्तर, मुल्य र सुबिधा सहितको विवरण (क्याटलग वा ब्रोसर ) संलग्न राखी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक बिदा परेमा सम्पूर्ण कार्यहरु सो को भोलिपल्ट हुनेछ ।
३. सिलबन्दी प्राविधिक प्रस्ताब पेश गर्दा प्रस्तावदाताको ग्राह्यता सम्बन्धि आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपिसमेत अनिवार्यरुपमा पेश गर्नु पर्ने छ ।
४. सिलबन्दी प्राविधिक प्रस्ताब राखिएको खाम बाहिर " कार्यालयको नाम र ठेक्का MRM/MB/ CS/ G -03-076/077 र MRM/MB/CS/G-04-076/077" भन्ने शब्द लेखि सिलबन्दी गरिएको हुनुपर्ने छ ।
५. यसरी दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु सातौँ दिन को २ बजे कार्यालयको प्रतिनिधिहरु र प्रस्तावदाताहरुको रहोबरमा खोलिने छ । प्रस्तावदाताहरु अनुपस्थित रहेमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
६. सिलबन्दी प्रस्ताव पेश गर्नेले धरौटी रकम बापतको रकम जम्मा गर्नु पर्ने छैन ।
७. सिलबन्दी प्रस्ताव स्वीकृत भएपछि तिन दिन को समय अबधि दिई लिखित रुपमा सिलबन्दी आर्थिक (तोकिएको मुल्य र सुबिधा मध्ये मुल्यमा छुट र सुबिधा मा थप हुन् सक्ने विवरण) प्रस्ताव माग गरिने छ ।
८. सारभूत रुपमा प्रभावग्राही न्युनतम मुल्यांकित स्वीकृत प्रस्ताव दाता संग खरिद सम्झौता गर्दा कबोल गरेको अंकको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम कबोल अंकको तोकिए बमोजिम कार्यसम्पादन जमानत नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंक ले जारि गरेका कार्यसम्पादन जमानत बापत पेश गरि स्वीकृत भएको तिन दिन भित्र सम्झौता को लागि कार्यालयमा उपस्थित हुनुपर्नेछ ।
९. सिलबन्दी प्रस्तावमा उल्लेखित परिमाणको Motor Bike गाउँ कार्यपालिकाको कार्यालय सान्थाक्रा , ताप्लेजुंङसम्म वा सम्झौता अनुसार ल्याउनुपर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

मेरिङदेन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(सार्वजनिक खरिद शाखा)
सान्थाक्रा, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

प.सं. ०७६/०७७
च.नं. ६६२

मिति: २०७६/११/०७

१०. अंक र अक्षर मा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ ।

११. कुनै शर्त राखी पेश गरिएको सिलबन्दी प्रस्ताव स्वीकार वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१२. सुचनाको शर्त विपरित भएको , कार्यालयबाट उपलब्ध गराएको स्पेसिफिकेसनमा कुनै थप घट गरिएको , रीत नपुगेको , म्याद नाघी पेश हुन आएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।

१३. थप कुरा बुझ्नु परेमा फोन न. ९८४२६६३९५८ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

१४. उल्लेखित सुचनामा आवश्यक कुराहरु संसोधन गर्नु पर्ने भएमा कार्यालय को सुचनापाटी टाँस गरिनेछ ।

**आपूर्ति गर्नु पर्ने समान :**

| ठेक्का न. | कामको विवरण | स्पेशिफीकेसन | संख्या | कैफियत |
|---|---|---|---|---|
| MRM/MB/CS/G-03-076/077 | Motor Bike (Dirt Type) | • 4 Stroke , 200 cc<br>• Torque 17 Nm<br>• Max.Power 18 PS | २ (दुइ) | संक्षिप्त विवरण माउल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुन्छ। |
| MRM/MB/CS/G-04-076/077 | Motor Bike (Normal Type) | • 4 Stroke , 150 cc<br>• Torque 12.5 Nm<br>• Max.Power 13 PS | १ (एक) | |

डम्बर बहादुर आङ्देम्बे
प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर आङ्देम्बे
प्रमुख प्रशासकीय अधिकृत